अग्नीसाईर कृष्णासवरन गाउँपालिका
Agnisair Krishnasawaran Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of the Rural Municipal Executive
सितापुर, सप्तरी
Sitapur, Saptari
मधेश प्रदेश, नेपाल
Madhesh Provice, Nepal
asks.gapa@gmail.com
http://agnisairkrishnasawaranmun.gov.np

पत्र संख्याः २०८२/०८३ चलानी नं.:

## कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८२/०३/०६)

यस अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको तपसिल बमोजिमका सीपविकास तथा जनचेतनामूलक कार्यक्रमहरू गैर सरकारी संस्था, समुदायमा अधारित संस्थाहरुको सहकार्यकामा सञ्चालन गर्नुपर्ने भएकोले तपसिलमा उल्लेख तालिम/कार्यक्रमहरुको लागि कानुन बमोजिम योग्यता पुगेका गैरसरकारी संस्था/सामुदायमा आधारित संस्थाहरुबाट निम्न अनुसारको प्रमाणित कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिन भित्र मितिः २०८३।०३।१० गतेभित्र प्रस्ताव पेश गर्न जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ

१. तपसिल

| सि.नं. | कार्यक्रम/तालिमको नाम | तालिम संचालन हुने वडा क्षेत्र | दिन/अवधि | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | ढकिया बनाउने शिपमुलक तालिम | ३ नं. वडा | ७ दिन | ३ लाख | |
| २. | सर्फ (डिटरजेन्ट) बनाउने तालिम | ५ नं. वडा | ५ दिन | ४ लाख | |
| ३. | बालविवाह न्युनिकरण सम्बन्धी तालिम | २ नं. वडा | ३ दिन | ३ लाख | |
| ४. | अपाङ्गता सचेतना सम्बन्धी कार्यक्रम | ४ नं. वडा | ३ दिन | ३ लाख | |
| ५. | स्यानिटरी प्याड बनाउने तालिम | गा.पा. स्तरीय | ७ दिन | ५ लाख | |
| ६. | बातावरण मैत्री झोला बनाउने तालिम | गा.पा. स्तरीय | ७ दिन | ३ लाख | |
| ७. | साबुन बनाउने तालिम | गा.पा. स्तरीय | ५ दिन | ३ लाख | |
| ८. | आत्महत्या न्यूनिकरण सम्बन्धी तालिम | गा.पा. स्तरीय | ३ दिन | ३ लाख | |
| ९. | सवारी दुर्घटना सम्बन्धी जनचेतनामुलक कार्यक्रम | २ नं. वडा | ३ दिन | २ लाख | |
| १०. | युवाहरुको लागि लागु औषध न्युनिकरण जनचेतना सम्बन्धी तालिम | २ नं. वडा | ३ दिन | २ लाख | |
| ११. | शिपमुलक तालिम संचालन | ३ नं. वडा | ५ दिन | २ लाख | |
| १२. | जनचेतनामुलक कार्यक्रम (लागुपदार्थ दुर्व्यसन) | ६ नं. वडा | ३ दिन | ३ लाख | |
| १३. | शिपमुलक तालिम (नुहाउने साबुन बनाउने) | ६ नं. वडा | ५ दिन | ३ लाख | |

२. पेश गर्नुपर्ने आवश्यक कागजातहरू:

निवेदनका साथ संस्थाले देहायका कागजातहरूको प्रमाणित प्रतिलिपिहरू अनिवार्य रूपमा पेश गर्नुपर्नेछः

- आधिकारिक निकायमा दर्ता तथा आवद्धता भएको ।

धिरेन्द्र कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

asks.gapa@gmail.com
http://agnisairkrishnasawaranmun.gov.np

पत्र संख्याः २०८२/०८३ चलानी नं.:

- संस्था नविकरण भएको प्रमाणपत्र ।
- लेखापरीक्षण भएको प्रतिवेदन ।
- भ्याटमा दर्ता भएको प्रमाणपत्र ।
- आ.व. २०८१।०८२ को आयकर चुक्ता प्रमाणपत्र ।
- प्रत्येक कार्यक्रमको छुट्टा छुट्टै प्रस्ताव पत्र बुझाउनुपर्नेछ ।
- प्रस्तावित कार्यक्रमको बिस्तृत कार्ययोजना पेश गर्नुपर्नेछ ।
- संघ/संस्थाले सम्बन्धित कार्य गर्ने प्राबिधिक प्रशासनिक जनशक्तिको शैक्षिक योग्यता तथा अनुभव प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
- संस्थाको प्रोफाईल अनिवार्य पेश गर्नुपर्नेछ ।
- कालो सूचीमा नपरेको स्वघोषणा पत्र ।
- यस कार्यालयमा सूची दर्ता भएको हुनुपर्नेछ ।

३. अन्य सर्त तथा जानकारीहरूः

- कार्यसर्त तथा प्रस्ताव सम्बन्धी विस्तृत विवरण यस गा.पा.को सामाजिक विकास शाखा वा गा.पा.को आधिकारिक वेबसाइटः **https://agnisairkrishnasawaranmun.gov.np/** बाट प्राप्त गर्न सकिनेछ।
- प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलबन्दी गरी, बाहिरी खाममा "प्राविधिक तथा आर्थिक प्रस्ताव" र "कार्यक्रमको नाम" प्रष्ट खुलाई कार्यालयमा खामबन्दी दर्ता गराउनुपर्नेछ।
- एक सेवा प्रदायकले बढीमा दुई वटा तालिम/कार्यक्रममा मात्र प्रस्ताव गर्न पाउनेछ ।
- म्याद नाघि आएका, रीत नपुगेका वा इमेल मार्फत प्राप्त भएका प्रस्तावहरू उपर कुनै कारबाही गरिने छैन।
- प्रस्ताव स्वीकृत गर्ने, नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा सूचना रद्द गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ।
- तालिम/कार्यक्रम प्रस्ताव गर्दा नेपाल सरकारले तोकेको खर्चको मापदण्ड (Norms) भित्र रही प्रस्ताव गर्नुपर्नेछ ।
- यस सूचनामा नखुलेका कुराहरू प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा गाउँपालिकाको आर्थिक ऐन/नियम बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

धिरेन्द्र कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

## भाग—१ कार्यशर्त नियमावली (Terms of Reference - ToR)

### १. पृष्ठभूमिः

**अग्नीसाईर कृष्णासवरन** गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत स्थानीय नागरिकहरूको आर्थिक-सामाजिक रूपान्तरणका लागि यो कार्यक्रम तय गरिएको हो। बेरोजगार युवाहरूलाई स्वरोजगार बनाउन 'सीपमूलक तथा उद्यमशीलता तालिम' र समाजमा विद्यमान कुप्रथा, अधिकार र दायित्वबारे सचेतना जगाउन 'जनचेतनामूलक कार्यक्रम' गैरसरकारी संस्थाको प्राविधिक सहयोगमा सञ्चालन गर्न लागिएको हो।

### २. उद्देश्यः

- लक्षित वर्ग (महिला, युवा, विपन्न, दलित, अपाङ्गता भएका व्यक्ति) लाई बजारको माग अनुसारको व्यावहारिक सीप प्रदान गरी स्वरोजगार एवं आत्मनिर्भर बनाउनु।
- स्थानीय स्तरमा उद्यमशीलताको विकास गरी साना तथा घरेलु उद्योग स्थापनामा टेवा पुऱ्याउनु।
- (जनचेतनामूलक विषय) सम्बन्धी लक्षित समुदायमा सचेतना अभिवृद्धि गर्नु।

### ३. कार्यक्षेत्र र क्रियाकलापहरूः

तालिम प्रदायक संस्थाले देहाय बमोजिमका कार्यहरू पूर्ण जवाफदेहिताका साथ गर्नुपर्नेछः

- **तालिम पूर्वको तयारीः** गाउँपालिकासँगको समन्वयमा लक्षित प्रशिक्षार्थीहरूको छनोट, पाठ्यक्रम विकास/परिमार्जन, र आवश्यक कच्चा पदार्थ एवं औजारको व्यवस्थापन।
- **तालिम सञ्चालनः** नेपाल सरकार (CTEVT वा सम्बन्धित मन्त्रालय) को स्वीकृत पाठ्यक्रमको परिधिभित्र रही सैद्धान्तिक र प्रयोगात्मक कक्षाहरू सञ्चालन।
- **अनुगमन र मूल्याङ्कनः** तालिमको नियमित हाजिरी, आन्तरिक परीक्षा र प्रशिक्षार्थीहरूको प्रगति प्रतिवेदन तयार।
- **प्रतिवेदन पेसः** तालिम समापनपछि फोटो, भिडियो (भएमा), र प्रशिक्षार्थीहरूको पृष्ठपोषण सहितको विस्तृत कार्यसम्पन्न प्रतिवेदन पेस।

### ४. योग्यता र जनशक्तिः

- **मुख्य प्रशिक्षक :** सम्बन्धित विधामा मान्यता प्राप्त संस्था (जस्तै CTEVT) बाट न्यूनतम टिओटी (ToT) प्राप्त गरेको वा सम्बन्धित क्षेत्रमा कम्तीमा ३ वर्षको कार्यअनुभव भएको।

- **सहायक प्रशिक्षक :** सम्बन्धित विधामा सीप परीक्षण उत्तीर्ण वा २ वर्षको कार्यअनुभव भएको।

**५. समयतालिका र कार्यवधिः**

- सीपमूलक तालिमः कम्तीमा **(छोटो अवधि ५ देखि १५ दिनसम्मको)**।
- जनचेतनामूलक कार्यक्रमः **(३ देखि ५ दिन सम्मको प्याकेज)**।
- यो सम्झौता मिति **२०८३/....../......** भित्र अनिवार्य रूपमा सम्पन्न गरिसक्नुपर्नेछ।

**६. नेपाल सरकारद्वारा स्वीकृत खर्च सीमा र बजेट मापदण्डः**

प्रस्ताव पेश गर्ने संस्थाले नेपाल सरकारको मौजुदा **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन/नियमावली** र स्वीकृत खर्च मापदण्डको सीमा भित्र रही आर्थिक प्रस्ताव पेश गर्नुपर्नेछ। तोकिएको सीमा भन्दा बढी बजेट प्रस्ताव गरिएका प्रस्तावहरू स्वतः अस्वीकृत हुनेछन्।

**७. भुक्तानीको सर्तः**

तालिम सफलतापूर्वक सम्पन्न भई प्रशिक्षार्थीहरूको उपस्थिति विवरण, फोटो/भिडियो, प्रशिक्षार्थीहरूको पृष्ठपोषण र **अन्तिम प्रगति तथा आर्थिक प्रतिवेदन** बुझाई यस कार्यालयबाट स्वीकृत भएपश्चात् नियमानुसार लाग्ने कर कट्टी गरी रकम भुक्तानी गरिनेछ।

## भाग २ः प्रस्ताव फारामको ढाँचा

(प्रस्तावक संस्थाले संस्थाको लेटरहेडमा भर्नुपर्ने र प्राविधिक एवं आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलबन्दी गर्नुपर्नेछ)

**क) प्राविधिक प्रस्तावः**

**१. संस्थाको संक्षिप्त विवरणः**

- संस्थाको नामः
- मुख्य कार्यालयको ठेगानाः
- सम्पर्क फोन नं. र इमेलः
- दर्ता भएको जिल्ला र कार्यालयः ................................ दर्ता नंः .................
- नवीकरण भएको पछिल्लो मिति/आ.व.:
- समाज कल्याण परिषद् आबद्धता नंः .................. नवीकरण आ.व.: ................
- भ्याट (मु.अ.क.) दर्ता नं.:

**२. संस्थाको संस्थागत क्षमता र कार्यअनुभवः**

(विगत ३ वर्षमा नेपाल सरकार, स्थानीय तह वा दातृ निकायसँग साझेदारीमा सञ्चालन गरेका सीपमूलक तथा जनचेतनामूलक कार्यक्रमको विवरण)

| सि.नं. | कार्यक्रमको नाम | दातृ/साझेदार निकाय | बजेट (रु.) | लक्षित संख्या | मुख्य उपलब्धि |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

**३. प्रस्तावित कार्यक्रम सञ्चालनको कार्यविधिः**

(संस्थाले यो तालिम कसरी प्रभावकारी रूपमा सञ्चालन गर्छ? प्रशिक्षार्थी कसरी छनोट गर्छ र प्रयोगात्मक अभ्यास कसरी गराउँछ भन्ने स्पष्ट खाका)

- प्रशिक्षार्थी छनोट प्रक्रियाः
- तालिम सञ्चालन विधि (सैद्धान्तिक/व्यावहारिक):
- आवश्यक भौतिक पूर्वाधार र औजार/उपकरणको उपलब्धताः
- जोखिम व्यवस्थापन र दिगोपनाको योजनाः

**४. जनशक्तिका विवरणः**

(तालिममा खटिने प्रशिक्षक तथा व्यवस्थापकको सूची र जैविक विवरण (CV) संकलन गर्नुपर्ने)

| सि.नं. | नाम र थर | तोकिएको पद/जिम्मेवारी | शैक्षिक योग्यता/ToT | अनुभव (वर्ष) |
|---|---|---|---|---|
| १. | | मुख्य प्रशिक्षक | | |
| २. | | सहायक प्रशिक्षक | | |

**५. कार्ययोजनाः**

(१५–७ दिने अवधिलाई साप्ताहिक वा दैनिक कार्यतालिकामा ढाल्ने)

| क्रियाकलाप | दिन/हप्ता १ | दिन/हप्ता २ | दिन/हप्ता ३ | दिन/हप्ता ४ | कैफियत |
|---|---|---|---|---|---|
| प्रशिक्षार्थी छनोट र अभिमुखीकरण | ■ | | | | |
| सैद्धान्तिक कक्षा सञ्चालन | | ■ | | | |
| प्रयोगात्मक अभ्यास | | ■ | ■ | ■ | |
| आन्तरिक मूल्याङ्कन र समापन | | | | ■ | |

**ख) आर्थिक प्रस्तावः**

(संस्थाको नाम र कार्यक्रमको नाम प्रष्ट खुलाई छुट्टै खाममा सिलबन्दी गर्ने)

**लागत अनुमान विवरणः**

| सि.नं. | बजेट शीर्षक | एकाइ | परिमाण | दर (रु.) | जम्मा रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **जनशक्ति लागत** | | | | | |
| | १.१ मुख्य प्रशिक्षक पारिश्रमिक | महिना /दिन | | | | |
| | १.२ सहायक प्रशिक्षक पारिश्रमिक | महिना/दिन | | | | |
| २ | **तालिम सामग्री** | | | | | |
| | २.१ स्टेशनरी तथा पाठ्यसामग्री | सेट/ संख्या | | | | |
| | २.२ प्रयोगात्मक कच्चा पदार्थ | प्याकेज | | | | |
| ३ | **कार्यक्रम सञ्चालन खर्च** | | | | | |
| | ३.१ हल भाडा/स्थान व्यवस्थापन | दिन | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३.२ प्रशिक्षार्थी खाजा/भत्ता (यदि तोकिएको भए) | दिन | | | | |
| ४ | व्यवस्थापकीय खर्च | | | | | बढीमा १०% |
| | ४.१ अनुगमन, सञ्चार तथा प्रतिवेदन लेखन | एकमुष्ट | | | | |
| | कुल जम्माः | | | | | |

**संस्थाको आधिकारिक छाप र दस्तखतः**

प्रस्तावकको नाम, थरः

पदः

हस्ताक्षरः

मितिः